# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

पत्र संख्या : ०८२/८३

मिति : २०८२/११/१२
ने.सं. ११४६ चिल्लाथ्व, ७ मंगलबार

**न्यूनतम रोजगारका लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ को उपदफा २ (थ), रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १४ (२) बमोजिम आगामी आ.व. २०८३/८४ मा संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने न्यूनतम रोजगारी, रोजगार मुलक कार्यक्रम तथा सीपमूलक तालिममा संलग्न हुन चाहने १८ देखि ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरूले बेरोजगार व्याक्तिको सूचीमा सूचीकृत हुन आफू स्थायी बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजात सहित मिति २०८२ चैत्र ९ गतेभित्र तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नोटः** अघिल्लो आ.व. मा सूचीकृत भएका व्याक्तिहरुले समेत आगामी आ.व. २०८३/८४ का लागि पुनः सूचीकृत हुन तोकिएको निवेदन फाराम भरी नवीकरण गराउनु हुन अनुरोध छ ।

**थप जानकारी:**
रोजगारमूलक सेवा, सीपमूलक तालिम वा रोजगारी खोजी सम्बन्धी सेवाका लागि जुनसुकै समयमा shramsansar.gov.np वा Shramsansar App मार्फत पूर्ण विवरणसहित दर्ता गर्नुहुन समेत अनुरोध गरिन्छ।

**आवेदनका लागि आवश्यक कागजातहरू:**

१. रीतपूर्वक भरिएको आवेदन फाराम,
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (बसाईँसराइ गरी आएको भए बसाईँसराइ प्रमाणपत्रको प्रतिलिपि),
३. आवेदन फाराम अनिवार्य रूपमा वडाबाट प्रमाणित गराइएको हुनु पर्नेछ ।

२०८२।११।१२
भीष्मराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री वडा कार्यालयहरु सबै (१२), सूचना टाँस गरी आवेदन फाराम सकंलनमा सहयोग तथा सकंलित फाराम रोजगार सेवा केन्द्रमा पठाउनुहुन ।